# प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीज्यूबाट "नववर्ष-२०७३" को उपलक्ष्यमा नेपाली सेनाका सकलदर्जालाई दिनु भएको सन्देश

१. "नववर्ष-२०७३" को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा तैनाथ रही कर्तव्यपालनामा समर्पित रहनु भएका नेपाली सेनाका सकलदर्जा, नेपाली सेना अन्तर्गत सेवारत निजामती कर्मचारीहरू, अवकाश प्राप्त सैनिकहरू एवं सम्पूर्ण परिवारजनहरूमा मेरो व्यक्तिगत तथा नेपाली सेनाको तर्फबाट सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्य साथै उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२. सारा नेपाली जनताको साझा राष्ट्रिय सेना – नेपाली सेनालाई पेशागत रूपमा दक्ष, व्यवसायिक र आधुनिक फौजको रूपमा समयानुकूल विकास गर्दै लैजाने लक्ष्य अनुरूप आवश्यक योजनाहरूको तर्जुमा तथा सोही अनुसारको कार्यान्वयन गर्ने कार्यहरू भई नै रहेका छन् । अपरेशनल प्रभावकारिताको चुस्तता र दुरूस्ततालाई कायम राख्दै सेनाको मर्यादा र छवि सुहाउँदो आचरणमा प्रस्तुत भई आफ्नो कर्तव्यपथमा सदैव अडिग रहेर नेपाल र नेपाली जनताको सर्वोपरी हितको रक्षार्थ नेपाली सेनाले महत्वपूर्ण भूमिका खेल्नेमा म विश्वस्त छु ।

३. अन्त्यमा, नेपालको संविधानले सुम्पेका जिम्मेवारीहरू असरदार रूपमा बहन गर्नको निम्ति नेपाली सेनाका सकलदर्जालाई सदा झैं दृढ र एकताबद्ध भएर कार्यरत रही रहने प्रेरणा मिलोस् भन्दै पुन: "नववर्ष-२०७३" को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

राजेन्द्र क्षत्री
महारथी
प्रधान सेनापति

जङ्गी अड्डा ।
मिति २०७२/१२/२६ गते ।